## बैठक नं. ५

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ ले व्यवस्था गरेको समन्वय समितिले मिति २०७५।०५।०६ मा गठन गरेको यस जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समितिको आज मिति २०७९।११।२२ गते जिल्ला सरकारी वकील कार्यालय, बर्दियामा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : संयोजक

श्री रमेश पाण्डेय, निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दियाः सदस्य

श्री सुधिरराज शाही, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दियाः सदस्य

श्री टंक गुरुङ, निमित्त डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बर्दियाः सदस्य

श्री आशिष न्यौपाने, सहायक संरक्षण अधिकृत, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयः सदस्य

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया : सदस्य सचिव

**आमन्त्रितः**

श्री खेमराज तिमिल्सेना, शाखा अधिकृत, बर्दिया जिल्ला अदालत

डा. विश्वनाथ साह, मेडिकल अधिकृत, बर्दिया जिल्ला अस्पताल

श्री हृदेशकुमार सापकोटा, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय बर्दिया

श्री कमलप्रसाद पाण्डे, अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएसन

श्री प्रदिप ज्ञवाली, कानुनी सहायता अधिकृत, जिल्ला कानुनी सहायता समिति, बर्दिया

श्री दिपेन्द्रकुमार विसी, नायव सुब्बा, भूमिसुधार तथा मालपोत कार्यालय, बर्दिया

श्री भगवती शर्मा पौडेल, नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

**प्रस्तावहरु**

१) बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट अनुसन्धान हुने मुद्दाहरुमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन सम्बन्धमा ।

२) सरकारवादी मुद्दाका साक्षी संरक्षण सम्बन्धमा ।

३) पीडित र जाहेरवालालाई मुद्दाको काम कारवाही सम्बन्धमा जानकारी गराउने सम्बन्धमा ।

२०७९।११।२२

४) पीडित र नजिकका हकदारलाई क्षतिपूर्ति प्राप्त गर्न आवश्यक समन्वय र सहयोग गर्ने सम्बन्धमा ।

५) क्षतिपूर्तिको मागदावी लिनुपर्ने मुद्दामा सम्पत्ति विवरण खुलाउने सम्बन्धमा ।

६) भवितव्य प्रकृतिका मुद्दामा मृत्युको कारण खुलाउने सम्बन्धमा ।

७) शव परिक्षण प्रतिवेदन र स्वास्थ्य जाँच प्रतिवेदनको विवरण नेपालीमा समेत खुलाउने सम्बन्धमा ।

८) पीडितलाई जाहेरी दरखास्त तयारी लगायत अन्य विषयमा कानुनी सहायता प्रदान गर्ने विषयमा समन्वय गर्ने सम्बन्धमा ।

९) पीडित प्रभाव प्रतिवेदन सम्बन्धमा ।

१०) शंकितका अधिकारहरु सम्बन्धमा ।

११) सरकारी वकील कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयनमा सहयोग र समन्वय सम्बन्धमा ।

निर्णयहरू:

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र डिभिजन वन कार्यालय बर्दिया र मातहत कार्यालयबाट अनुसन्धान हुने मुद्दाहरुमा मुद्दाको उठान हुने प्रतिवेदन वा जाहेरी दरखास्त दर्ता भएपछि दर्ता भएको तीन दिन भित्र मुद्दाको प्रारम्भिक अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय बर्दियामा पठाउने ब्यवस्था गर्ने । प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सरकारी वकील कार्यालयमा अनुसन्धानको चरणमा रहेका मुद्दाहरुको दर्ता रेकर्ड कायम हुनुका साथै मुद्दाको जानकारी भई सरकारी वकीललाई अनुसन्धानको चरणमा आवश्यक निर्देशन समेत प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुगी प्रभावकारी हुने ।

२) प्रस्तान नं २ का सम्बन्धमा छलफल गर्दा जाहेरवाला, पीडित, प्रत्यक्षदर्शी र मुद्दाका महत्वपूर्ण साक्षीहरुसँग समन्वय गर्न र वकपत्रको विषयमा जानकारी गराउन जिल्ला प्रहरी कार्यालय बर्दिया र जिल्ला सरकारी वकील कार्यालय बर्दियाबीच आवश्यक समन्वय गरी वकपत्रको सम्बन्धमा अदालत र अर्ध न्यायिक निकायबाट पत्र प्राप्त भएपछि साक्षीहरुसँग आवश्यक परामर्श र समन्वय गरी वकपत्र गर्न आउँदा सरकारी निकायद्वारा जारी परिचय खुल्ने कागजात सहित उपस्थित हुने सम्बन्धमा आवश्यक समन्वय र सहयोग गर्ने । साक्षीसँग समन्वय र परामर्श गर्न सरकारी वकील कार्यालय र जिल्ला प्रहरी कार्यालय बर्दियामा दुई/दई जना सम्पर्क व्यक्ति तोकी एक अर्को कार्यालयलाई जानकारी गराउने । प्रहरीद्वारा अनुसन्धान गर्ने कार्यालयहरुमा समेत साक्षीसँग समन्वय, परामर्श र जानकारी गराउन प्रत्येक कार्यालयमा दुई जना सम्पर्क व्यक्ति तोकी सरकारी वकील कार्यालयलाई जानकारी गराउने । वन र

२०६९।११।२२

निकुञ्ज कार्यालयबाट दायर गरिने मुद्दामा समेत साक्षी संरक्षणका लागि सम्पर्क व्यक्ति तोकी सरकारी वकील कार्यालयलाई जानकारी गराउने । साक्षीहरुसँग वकपत्र गर्न जानु पूर्व अनुसन्धान गर्ने निकाय र सरकारी वकील कार्यालयमा आवश्यक परामर्श गर्ने ।

३) प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा पीडित र जाहेरवालालाई मुद्दाको काम कारबाही बारे जानकारी गराउने सम्बन्धमा सरकारी वकील कार्यालय र अनुसन्धान गर्ने प्रहरी कार्यालयमा सम्पर्क ब्यक्ति तोकी एक अर्को कार्यालयसँग समन्वय गरी जानकारी गराउने ।

४) प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा पीडित र नजिकका हकदारले क्षतिपूर्ति पाउने भनी अदालत र अर्धन्यायिक निकायबाट फैसला भएका मुद्दाहरु अन्तिम भई फैसला कार्यान्वयन चरणमा रहेका मुद्दाहरुमा पीडित र नजिकका हकदारलाई फैसलाको बारेमा जानकारी गराई क्षतिपूर्ति प्राप्त गर्न प्रहरी र सरकारी वकीलले आवश्यक समन्वय र सहयोग गर्ने । सरकारी वकील कार्यालय र प्रहरी कार्यालयमा पीडित र जाहेरवालाको सम्पर्क नम्बर र ठेगाना संकलन गरी विवरण अद्दावधिक रुपमा राख्ने ।

५) प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा क्षतिपूर्ति मागदावी लिनुपर्ने मुद्दामा अनुसन्धानको शुरुवातसँगै अभियुक्त र निजका एकाघर सगोलका परिवारका सदस्यहरुको नाममा रहेको चल र अचल सम्पत्ति सम्बन्धी विवरण संकलन गरी मिसिल संलग्न गर्ने । सम्पत्ति विवरण संकलन गर्दा भुमिसुधार तथा मालपोत कार्यालय, स्थानीय तह र बैंकहरुसँग आवश्यक समन्वय गरी सहयोग लिने ।

६) प्रस्ताव नं ६ का सम्बन्धमा छलफल गर्दा भवितव्य प्रकृतिका मुद्दामा शव परीक्षण हुँदा कुनै मुद्दाहरुमा undetermined उल्लेख भएको पाइन्छ। साथै भिसेरा रिपोर्ट पछि थप भन्न सकिने भन्ने समेत उल्लेख भएको पाइन्छ। तर भिसेरा प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित चिकित्सककोमा पेश गरी मृत्युको कारण खुलाइएको पाइएन। यसले गर्दा मानिसको मृत्युको कारण (Cause of Death) यही हो भन्ने देखिदैन। तसर्थ भिसेरा रिपोर्ट तथा अन्य प्रतिवेदन प्राप्त भए पछि सम्बन्धित चिकित्सक समक्ष पेश गरी शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण खुलाउन लगाई वा छुट्टै प्रतिवेदन लिई मिसिलमा समावेश गर्न आवश्यक देखिएको छ।

७) प्रस्ताव नं ७ का सम्बन्धमा छलफल गर्दा शव परिक्षण, घा जाँच केश फाराम तथा यस्तै प्रकृतिका चिकित्सकीय प्रतिवेदनमा उल्लिखित हस्तलिखित शब्द तथा वाक्यांशमा प्रयुक्त अक्षर नवुझिने र त्यसको अर्थ समेत उल्लेख हुने गरेको नपाइँदा अनुसन्धान अभियोजन र प्रतिरक्षामा समेत कठिनाई हुन गएको हुँदा अँग्रेजी र नेपाली भाषामा कम्प्युटर टाइप गरी वा सो सम्भव नभएमा स्पष्ट र बुझिने गरी खुलाउन

२०७९।११।२२

अनुसन्धान गर्ने निकायले सम्बन्धित अस्पतालमा लेखी पठाउने र समन्वय समितिको निर्णयको बारेमा जानकारी गराउने, सम्बन्धित अनुसन्धान अधिकारीले सो सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

८) प्रस्ताव नं ८ का सम्बन्धमा छलफल गर्दा न्यून आय भएका र जाहेरी दरखास्त आफै तयार गर्न नसक्ने पीडितलाई जाहेरी दरखास्त तयारी लगायत अन्य विषयमा कानुनी सहायता प्रदान गर्ने विषयमा अनुसन्धान गर्ने निकायले सरकारी वकील, जिल्ला कानुनी सहायता समिति र कानुनी सहायता अधिकृतसँग आवश्यक समन्वय गरी पीडितलाई सहयोगका लागि पठाउने । यस विषयमा जिल्ला प्रशासन कार्यालय बर्दियाले कार्यालय प्रमुखको वैठकमा सरकारी कार्यालय र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई पीडितले जिल्ला कानुनी सहायता समितिबाट कानुनी सहायता प्रदान गर्ने विषयमा जानकारी गराउने ।

९) प्रस्ताव नं ९ का सम्बन्धमा छलफल गर्दा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ मा भएको पीडितले कसूरको कारणले आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको सम्बन्धमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने र पीडित नाबालिग वा कानूनी रूपमा संरक्षकत्व चाहिने व्यक्ति भएको वा अन्य कुनै कारणले आफैले पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसक्ने भएमा निजका अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिले अभियोग पत्र दायर गर्नु भन्दा अगाडि वा काबु बाहिरको परिस्थिति भएमा अभियोगपत्र दायर भएको मितिले एक महिनाभित्र अभियोग पत्र दायर गर्ने अधिकारी समक्ष प्रतिवेदन दिन सकिने कानूनी व्यवस्था छ। सो कानूनी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने हुँदा उल्लिखित कानूनी ब्यवस्थाको कार्यान्वयनको लागि सम्बन्धित अनुसन्धान अधिकारीमार्फत पीडित प्रभाव प्रतिवेदन तयार गर्न लगाई सरकारी वकील कार्यालयमा पठाउने ब्यवस्था गरी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मिसिल संलग्न गर्ने ।

१०) प्रस्ताव नं १० का सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्ने निकायको हिरासत कक्षमा शंकितका अधिकारहरु बारे जानकारी दिने विवरण फ्लेक्समा राख्न लगाउने । अनुसन्धान गर्ने निकायले शंकित व्यक्तिलाई हिरासतमा लिए पछि शंकितका अधिकारहरु बारे जानकारी दिने व्यवस्था मिलाउने ।

११) प्रस्ताव नं ११ का सम्बन्धमा छलफल गर्दा सरकारी वकील कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयनमा समन्वय समितिमा रहेका कार्यालयहरुबाट आवश्यक सहयोग र समन्वय गर्ने निर्णय गरियो ।